बन्दिपुर गाउँपालिका

बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित राजपत्र

खण्डः ३ संख्याः ४ मितिः २०७६/०३/२५

भाग २

बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

बन्दिपुर गाउँपालिकाको रोजगारी सम्बन्धी कार्यविधि २०७६

प्रस्ताबनाः

ब्यबसायीक तथा उद्यमशीलताको ज्ञान, अवसर, सिप तथा पुजी को अभाव जस्ता बिभिन्न कारणले बन्दिपुर गाउँपालिका भित्र रहेका बेरोजगार युवाहरुको सहभागितामा स्थानीय पुर्बाधार निर्माण तथा उत्पादनमुलक कार्य संचालन मार्फत रोजगारी सिर्जना गरि उनीहरुको जिबन स्तरमा सुधार गर्न आवस्यक कार्यक्रमहरुको तर्जुमा गरि स्थानीय सरकार संचालन ऐन २०७४ को स्थानीय सरकार संचालन अधिकार क्षेत्र भित्र रहि रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को दफा १६, स्थानीय सरकार संचालन ऐन २०७४ परिधिभित्र रहि बन्दिपुर गाउंपालिकाले रोजगारी सम्बन्धी देहाय बमोजिमको कार्यविधि बनाएको छ।

परिच्छेद -१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमहरुको नामको "बन्दिपुर गाउँपालिकाको रोजगारी सम्बन्धी कार्यविधि २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **लागू मितिः** यो कार्यविधि आर्थिक वर्ष २०७६।७७ बाट लागु हुनेछ।

३. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन,२०७५ सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले बन्दिपुर गाउँपालिकालाइ सम्झनु पर्छ ।

(ग) "रोजगार सेवा केन्द्र" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन २०७५ को परिच्छेद-३ बमोजिम बन्दिपुर गाउँपालिकामा २०७५ सालमा स्थापना भएको सेवा केन्द्र सम्झनु पर्छ।

(घ) "सुचिकृत बेरोजगार" भन्नाले ऐन बमोजिम बर्षभरिमा न्यूनतम रोजगारी प्राप्त नगरेको, स्वरोजगारमा संलग्न नभएको, १८-५८ वर्ष उमेरको व्यक्ति जसले रोजगार सेवा केन्द्रमा आफ्नो विबरण सहित तोकिएको ढाँचामा निवदेन दिई सम्बन्धित वडाले छानविन गरे पश्चात रोजगार सेवा केन्द्रले सुचीकृत गरेको व्यक्ति सम्झनु पर्छ।

(ङ) "स्थानिय निर्देशक समिती" भन्नाले रोजगारीको हक सम्बन्धी नियमावलिको नियम १४ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

परिच्छेद- २
रोजगार कार्यक्रम संञ्चालन सम्बन्धी

४. **रोजगार कार्यक्रम संचालन गर्ने** : यस गाउँपालिकाले न्युनतम रोजगारी प्रदान गर्न देहाय बमोजिम कार्यहरु गर्नेछ।

(१) सार्वजनिक क्षेत्रका विकास निर्माण कार्यक्रम तथा आयोजना लगायत नीजी,सहकारी तथा गैरसरकारी क्षेत्रमा प्रत्येक आर्थिक वर्षमा सिर्जना हुन सक्ने रोजगारीको आकलन गर्ने।

(२) प्रत्येक बर्ष निश्चित रोजगारी सिर्जनाका लागी आवश्यक कार्यक्रमहरुको तर्जुमा र कार्यान्यवन गर्ने।

(३) रोजगारी सिर्जनाका विभिन्न निकायले कार्यान्वयन गर्ने कार्यक्रम तथा आयोजनाहरुमा बरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा संलग्न गराउने।

(४) रोजागरी सिर्जनाका लागी निजी,सहकारी तथा गैरसरकारी क्षेत्रसंग आवश्यक समन्वय र सहकार्य गर्ने।

(५) रोजगारीको अबसर वृद्दी गर्न स्थानिय स्तरमा उत्पादित वस्तुको उपभोग गर्न विशेष अभियान संचालन गर्ने।

(६) रोजगारी सिर्जना गर्नेको लागी औधोगिक ग्रामको स्थापना गर्ने।

(७) यस क्षेत्रभित्र लघु,घरेलु,साना,मझौला र ठुला उधोग स्थापना गर्न बाताबरणको विकास गर्ने।

(८) रोजगारी प्रवर्दन तथा सिर्जना गर्न अन्य कार्यहरु गर्ने।

(९) गरिबी निबारण र रोजगारी सिर्जना सम्बन्धी एकिकृत कार्यक्रमहरु संचालन गर्ने।

परिच्छेद-३

रोजगारी सम्बन्धि व्यवस्था

५. रोजगारी सिर्जना गर्नु पर्नेः (१) प्रत्येक बर्ष यस गाउँपालिकाले आफूले संचालन गर्ने विकास आयोजनाहरुको कूल बजेटको निश्चित प्रतिशत बजेट श्रमिकको ज्याला खर्च गर्ने व्यवस्था मिलाउनु पर्छ। योजनाको प्रकृतिको आधारमा पूँजीगत बजेटबाट रोजगारीमा खर्च गर्ने बजेटको फरक फरक प्रतिशत तोकिनेछ।

(२) रु. १ करोड सम्म लागत अनुमान भएका आयोजनाहरु यस गाउँपालिकाले संचालन गर्दा प्राविधिक दृष्टिकोणबाट मेशिनको प्रयोग नगरी सम्भव नहुने भनी तोकिएको प्राविधिक टोलीले सिफारिस गरेको अवस्थामा बाहेक सबै आयोजनाहरु सम्भब भएसम्म श्रममूलक प्रविधिको प्रयोग गरिनेछ।

(३) यस गाउँपालिका भित्र संचालित विकास आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकतामा राखि रोजगारीको अबसर दिइनेछ।

(४) यस गाउँपालिकाले ठेक्का वा उपभोक्ता समिति वा अन्य तरिकाले आयोजनाहरु कार्यान्वयन गर्दा ती आयोजनाहरुमा आवश्यक जनशक्ति रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाटै काम लगाउन सम्बन्धित पक्षसँग सम्झौता गर्दाका वखत नै निश्चित शर्तहरु राखि गरिनेछ।

(५) यस गाउपालिका भित्र विनियोजित बजेटबाट सिर्जना हुने रोजगारीको प्रत्येक बर्ष प्रक्षेपण गरिनेछ।

(६) यस गाउँपालिका भित्र संचालित विभिन्न प्रकार उधोग,कम्पनी,फर्म, गैरसरकारी तथा सहाकारी क्षेत्रले रोजगार सेवा केन्द्रले तोकेको ढाँचामा जनशक्ति माग गरे बमोजिम रोजगारीमा खटाईनेछ।

(७) सार्वजनिक निर्माण वा सार्बजनिक क्षेत्रका अन्य आयोजनाहरुले आफ्ना कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यक पर्ने दक्ष,अदक्ष श्रमिक समेत उपलब्ध भएसम्म रोजागार सेवा केन्द्रसँग माग गरि काममा लगाउनु पर्नेछ। यसको लागी ठेक्का सम्झौता मै आवश्यक शर्तहरु राखिनेछ।

(८) प्रत्येक वर्ष तोकएको संख्यामा तोकिएको क्षेत्र तथा वर्गलाई रोजगारी सिर्जना गर्न बिशेष कार्यक्रम बनाई लागू गरिनेछ।

(९) रोजगारी प्रवर्दन गर्न सार्वजनिक,निजी र सहकारी क्षेत्रसँग सहकार्य र साझेदारी गरिनेछ।

(१०) रोजगारी प्रदान गर्ने आयोजना संचालन गर्न वा रोजगारी सिर्जना गर्ने क्रियाकलाप गर्ने गाउँपालिकाले संघिय सरकार सँग ऋण लिन सक्नेछ।

परिच्छेद-४
सार्वजनिक निर्माण कार्यको व्यवस्थापन

६. **श्रमिक समूह गठन गरि काममा लगाउनु पर्नेः** (१) रोजगार आयोजनाहरुको प्रकृति र आवश्यकताको आधारमा आयोजनाको कामलाई खण्ड खण्ड गरि १०-१५ जना सम्मको श्रमिक समूह गठन गरि काममा लगाउनु लगाइनेछ।

(२) श्रमिक समुह मध्ये ३ जनाको एक श्रमिक समिति हुनेछ। जसमा १ जना समुह नेता, २ जना उपनेता रहेछन भने अन्य सदष्यको रुपमा रहेर कार्य गर्नेछन।

(३) प्रत्येक समूहका सदस्यहरु मध्येबाट छानिएको एक जना व्यक्ति समूह नेता रहनेछ जसले श्रमिक समुहको दैनिक हाजिरी गराउने,सो को अभिलेख राख्ने, नियमित रुपमा वडामा प्रतिवदेन गर्ने, श्रमिकहरुको बैक खाता खोल्न,स्थायी लेखा नम्बर लिन समन्यव गर्ने,योजनाको प्रगति विवरण पेश गर्ने, साप्ताहिक तथा मासिक रुपमा रोजगार सेवा केन्द्रमा प्रतिवेदन पेश गर्ने,बजेट निकासाका लागि आवश्यक समन्वय गर्ने अरु श्रमिकले गरे सरहको कार्य गर्ने र अन्य कार्य गर्ने।

(४) काम गरेको १ हप्ता नपुगी छोडेमा ज्यालाको को भुक्तानी गरिने छैन।

(५) टोली नेताले सबै सदस्यको सिप,योग्यता,दक्षता अनुसार सवैलाई काममा लगाउने पर्नेछ।

(६) आवश्यकता अनुसार श्रमिक समुहको सबै सदष्यहरु रहने गरि श्रमिक समुह मध्येवाट एक समिति गठब गर्ने सकिनेछ।

७. **पारिश्रमिक निर्धारणः** (१) श्रमिकहरुको कामबापतको पारिश्रमिकको निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक तथा यस गाउपालिका वा जिल्लाले तोकेको निर्धारण गरेको दररेट मध्ये जुन वढि हुन्छ सोही दरको आधारमा निर्धारण गरिने छ।

(२)रोजगारी उपलब्ध गराउने आयोजना,ठेक्का,उपभोक्ता समिति मार्फत संचालित आयोजनाले अघिल्लो महिना उपलब्ध गराएको रोजगारी दिनको पारिश्रमि प्रत्येक महिनाको पाँच गते भित्र भुक्तानि गरि सक्नु पर्दछ र सो को विवरण रोजगार सेवा केन्द्रमा पठाउनु पर्छ।

८. **बैक खाता मार्फत भुक्तानी गर्नु पर्नेः** श्रमिकलाई रोजगार वापतको पारिश्रमिक भुक्तानी गर्दा बैक मार्फत गर्ने गरिने छ । बैक खाता मार्फत भुक्तानी गर्न सम्भब नहुने बिशेष परिस्थितिमा गाउपालिकाले निर्णय गरि नगदै भुक्तानीको व्यवस्था गर्नेछ।

९. **कामको नियमित सुपरिवेक्षण गर्नु पर्नेः** यस गाउपालिका भित्र संचालित आयोजनाहरुमा खटाईएका श्रमिकहरुको नियमित सुपरिवेक्षण आयोजना प्रमुख,गाउपालिकाको अनुगमन समिति,वडा कार्यालय र गाउपालिकाले खटाएको प्राविधिक कर्मचारीले गर्नु पर्नेछ।

१०. **प्रतिवेदन पेश गर्नु पर्नेः** आयोजना तथा श्रमिकको सुपरिवेक्षण गरी तोकिएको ढाँचामा प्रतिबेदन तयार गरि कार्यपालिका वा सम्बन्धित पक्ष समक्ष पेश गर्ने पर्नेछ।

११. **स्थानिय रोजगार समितिः** (१) नागरिको रोजगारीको हक संरक्षण गर्न,रोजगारी सम्बन्धी कार्यको निति,निर्माण ,रोजगार कार्यक्रमको मार्ग दशर्न,संचालन र व्यवस्थापन गर्न यस गाउँपालिकामा देहाय बमिजिमको एक निर्देशक समिति हुनेछ।

(क) गाउँ कार्यपालिकाको अध्यक्षः अध्यक्ष

(ख) गाउँ कार्यपालिकाको उपाध्यक्षः सदस्य

(ग) गाउँकार्यपालिको प्रमुखले तोकेको २ जना वडाध्क्षः सदस्य

(घ) रोजगार संयोजकः सदस्य सचिब

(२) स्थानिय समितिको बैठकमा ५० प्रतिशत उपस्थित भएमा बैठकका लागी गणपुरक संख्या पुगेको मानिनेछ।

(३) स्थानिय रोजगार समितको बैठक सो समितिले तोकेको मिति,समय र स्थानमा बस्नेछ।

(४) स्थानिय रोजगार समितिको निर्णय कार्यन्वयन गाउँकार्यपालिकाले गर्नेछ।

(५) बैठकमा आवश्यक देखिएमा अन्य वडाका वडाध्यक्षहरु, रोजगारमूलक संस्थाका प्रतिनिधिधिहरु र शाखा प्रमुखहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(६) बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१२. वडास्तरीय रोजगार निर्देशक समितीः (१) प्रत्येक वडामा देहाय बमोजिम एक वडास्तरिय रोजगार निर्देशक समिति रहनेछ।

(क) वडाको वडाध्यक्षः अध्यक्ष

(ख) वडा अध्यक्षले तोकेको १ जना वडाको सदष्यः सदस्य

(घ) वडा सचिवः सदस्य सचिव

(२) वडास्तरिय रोजगार समितिको काम कर्तब्य निम्न हुनेछ।

(क) गाउँपालिकाले तोकेको ढाँचामा बेरोजगार सुचिकृत हुन सुचना जारी गरे अनुसार आबेदन संकलन गर्ने, रुजु गर्ने र अभिलेख राख्ने ।

(ख) सुचिकृत हुन आवेदन दिएका मध्ये वास्तबिक बेरोजगारहरुको छानविन गर्ने र वडा समितिवाट पारित गरि गाउँपालिकामा पठाउने।

(३) सूचिकृत बेरोजगारहरु व्यक्तिहरु लक्षित वडास्तरिय रोजगारमुलक आयोजनाहरु र रोजगारमूलक तालिमहरुको आवश्यकता पहिचान नियमित तवरबाट छनौट गर्ने।

(४) रोजगार सेवा केन्द्रले रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरे पछि प्रदान गरिएको सूचि अनुसार काममा लगाउने, कामको नियमित अनुगमन, सुपरिवेक्षण,प्रतिबेदन गर्ने।

(५) काममा नियमित नगर्ने,तोकिएको काम नगर्ने,अनुशासित भई काम नगर्ने ब्यक्तिलाई सूचीबाट हटाउन गाउपालिकामा सिफारिस गर्ने।

(६) रोजगारमूलक तालिमहरु रोजगार सेवा केन्द्रको समन्यमा संचालन गर्ने।

(७)सुचिकृत बरोजगार व्यक्तिको परिवारको सदष्यहरुले वर्षमा १०० दिनको रोजगारी पाए नपाएको छानविन गरि नपाएको हकमा वडा समितिवाट पारित गराई गाउपालिकामा सिफारिस गर्ने।

(८) आवश्यकता अनुसारको अन्य कार्य गर्ने।

परिच्छेद-५

क्षमता विकास विकास सम्बन्धि व्यवस्था

१३. श्रमिकको आवश्यकताको अध्ययन गर्नेः (१) रोजगारदाताहरुको लागी के कस्तो ज्ञान, सीप, योग्यता, अनुभव भएको श्रमिक कति संख्यामा आवश्यता छ त्यसको अध्ययन सम्बन्धित क्षेत्रको उधोग बाणिज्यसँग सम्बन्धित इकाइहरुसँग समन्वय र सहाकार्य गर्नु पर्नेछ।

(२) अध्ययनको आधारमा तालिम प्रदायक प्रतिष्ठान तथा तालिम प्रदायक संस्थाहरु छनौट गर्नु पर्छ।

(३) रोजगारदाताको संलग्नतामा तालिम प्रदायक संस्था तथा प्रतिष्ठानले सैदान्तिक र व्यवहारिक दुबै ज्ञानको पाठ्यक्रम तयार गर्ने पर्नेछ।

(४) यस गाउपालिकाले स्थानिय आवश्यकता,स्थानिय स्तरमा रोजगारीको संभावित क्षेत्रको पहिचान गरेर रोजगारदाताहरुसँग समन्वय र सहाकर्य गरेर विशेष तालिम प्रदान गर्न सक्नेछ।

(५) तालिम लिने प्रशिक्षार्थीले तोकिएको ढाँचामा निवेदन र कवुलियतनामा गरेपछि मात्र तालिम सहाभागि गराईनु पर्छ।

(६) सुचिकृत बेरोजगार व्यक्तिहरुको माग,स्थानिय तथा वाह्य स्तरमा सिर्जना हुन सक्ने रोजगारीको अवस्था, बजारको माग अनुरुपको सिप तथा रोजगारमूलक तालिमहरु प्रदान गरिनेछ।

(७) रोजगार तथा उधम बिकास कोषबाट ऋण लिएर रोजगार तथा उधमि बन्न चाहने लागी व्यवसायि योजना,व्यवसाय,व्यवसायिको मुल्यांकन गरि तोकिएको ऋण प्रदान गर्न सिफारिस गर्ने।

परिच्छेद-६
रोजगारमूलक सम्भाबित मुख्य आयोजनाहरु

१४. रोजगार आयोजनाका सम्भावित क्षेत्रहरुः रोजगारीमा प्रदान गर्न यस गाउपालिमा देहाय बमोजिमका आयोजनाका क्षेत्रहरु हुनेछन ।

(१) **सडक यातायात तर्फः** टोल बस्तीलाई सडक संजाल संग जोड्ने, कच्ची सडकको स्तरउन्नति, नाला निर्माण,बसपार्क,पुल,कल्भर्ट,सबै प्रकारका सडक निर्माण तथा मर्मत सम्भार ।

(२) **संचाई, उर्जा तथा नदि नियन्त्रण तर्फः** कूलो बाध पैनी, तथा नहर कुलोको निर्माण तथा मर्मत संभार । जलविधुत आयोजनाहरुमा ज्याला साझेदारी,ट्रान्समिसन लाइन बिस्तार,नदी नियन्त्रणा पहिरा नियन्त्रण,सार्बजनिक स्थलमा फलफुल बगैचा आदि ।

(३) **खानेपानी तथा सरसफाई तर्फः** धारा,ट्यांकी पोखरी, सार्वजनिक शौचालय र पाईपलाइन विछ्याउने,मुहान संरक्षण,ढल निर्माण,शौचालय निर्माण ।

(४) **कृषी, सहकारी तथा पशु विकास तर्फ** :शीत भण्डारण निर्माण,जडीबुटी संकलन तथा प्रशोधन , खाद्य तथा फलफुल प्रशोधन ,बधशाला तथा माछा पोखरी निर्माण,सामुहिक कृषि व्यवसाय, कृषी उपजको बजारीकरण तथा हाट बजार व्यवथापन, पशुपालन,पर्ति जग्गा खेती,सामुहिक तथा सहकारी खेती,व्यवसायिक खेती,च्याउ खेती,खरायोपालन,कृषि उपज बेचबिखन केन्द्र निर्माण,कृषि बन कार्यक्रम,सहाकारी संस्थाहरु,कालि जग्गामा फलफुलका विरुवा रोप्ने आदि।

(५) **सामुदायीक पूवार्धार तर्फः** सामुदायीक भवन तथा सामुदायीक तालिम केन्द्र निर्माण आयोजना ।

(६) **वन तथा वातावरण संरक्षण तर्फः** वृक्षारोपण, नदि नियन्त्रण, सावर्जनीक उद्यान , नदी कटान नियन्त्रण तथा तटबन्धन निमार्ण, वन डढेलो नियन्त्रण, हरियाली पार्क निर्माण,अग्नि रेखा निर्माण,संरक्षण पोखरी निर्माण,जडिबुटी खेती,निजी बन नर्सरी, वन पैदावारमा आधारित उधोग स्थापना,बाताबरण संरक्षण र जलवायु अनुकुलन।

(७) **पयर्टन तर्फः** परम्परागत महत्वका धार्मीक मन्दिर,सम्पदाको संरक्षण र निमार्ण, पदयात्रा,धार्मीक पयर्टकीय क्षेत्रको संरक्षण, होमस्टे र होमेस्टे सर्किटको निर्माण,पर्यटन मार्गमा सेड निर्माण,पर्यटकिय मार्गको निर्माण।

(८) **शिक्षा,यूवा तथा खेलकुदः** साक्षरता अभियान, कम्प्युटर शिक्षा, रोजगारमूलक शिक्षा,केल मैदान, विध्यालय मैदान,कवर्ड हल,स्टेडियम, पुस्तकालय,

(९) **साझेदारमा हुने सबै प्रकारका श्रममूलक आयोजना**,

(१०) **ठुला तथा राष्ट्रिय गौरवका आयोजनाहरु**

(११) **पुननिर्माणः सार्वनजिक/निजी भवन निर्मान,पुरात्विक सम्पदाको पुननिर्माण**

(१२) **सुचना तथा संचार प्रविधि सम्बन्धित कामहरु**

(१३) **स्थानिय आवश्यकताका अन्य रोजगारमूलक आयोजनाहरु**

परिच्छेद-७
रोजगारी सम्बन्धी बिशेष व्यवस्था

१५. रोजगार सम्बन्धी विशेष व्यवस्थाः(१) देहाय बमोजिमका युवाहरूलाई रोजगारमा प्राथमिकता दिनुपनेर्छः

(१) आफनो उत्पादन तथा आयबाट बर्षमा तीन महिना भन्दा कम समयसम्म खान पुग्ने परिवारका सदष्य

(२) शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य

(३) दलित, अल्पसंख्यक, भूमिहिन, जोखिममा रहेको परिवार

(४) बसोबासको लागि आफ्नो घर नभएको परिवार

(५) एकल घरमुली भएको परिवारको सदस्य

(६) विधबा,विदुर,अपांगता,तेस्रो लिङगी व्यक्ति

(७) परिवारको कुनै पनि सदस्यले न्युनतम रोजगारी नपाएको अथवा कुनै पनि सदस्यले सरकारी, गैरसरकारी तथा निजि क्षेत्रमा रोजगारीको अवसर नपाएको परिवारको व्यक्तिहरु

(८) बैदेशिक रोजगारी बाट फर्केका बेरोजगार व्यकतिहरु

परिच्छद- ८

रोजगार तथा उधम विकास कोषको व्यवस्था

१६. रोजगार तथा उधम कोषको स्थापनाः (१) गाउँ कार्यपालिकाले एक रोजगार तथा उधम विकास कोषको स्थापना गर्नेछ।

(२) **रोजगार तथा उधम कोषको संचालन,व्यवस्थापनः** रोजगार तथा उधम विकास कोषको संचालन,व्यवस्थापन गर्न कोष स्थापना पश्चात एक कार्यविधी बनाएर गरिनेछ।

परिच्छेद-९

विविध

(१७) विविधः (१) यस कार्यविधीमा प्रयोग र गरिएका शब्द तथा वाक्यांशहरुको अर्थ यस कार्यविधिका लागी मात्रै हुनेछ ।

(२) यो कार्यविधि आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

(३) यो कार्यविधि यस गाउँपालिकाले विनियोजित बजेट कार्यान्यन गर्दा मात्र लागू हुनेछ।

(४) संघिय सरकार,प्रदेश सरकारको बजेटबाट रोजगारमुलक आयोजना, रोजगारमूलक तालिम, गरिबी निवारण तथा रोजगारी सम्बन्धी अन्य जुनसुकै कार्यक्रम गर्दा ती सरकारको ऐन,नियम र निर्देशिकासँग नबाझिने गरि गर्न वाधा पर्ने छैन।

(५) यस कार्यविधी बाहेक रोजगारीको हक सम्बन्धी ऐन,२०७५,रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ र रोजगारको हक सम्बन्धी ऐनलाई कार्यन्यवन गर्न संचालन गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रमको संचालन निर्देशिका,२०७५ पनि कार्यकर्म संचालन गरिनेछ।

आज्ञाले

नामः सुकदेव लम्साल

प्रमुख प्रशासकिय अधिकृत